# आर्थिक गतिविधि अध्ययन

(काठमाण्डौ, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी क्षेत्रबाट प्राप्त तथ्याङ्क, सूचना एवम् स्थलगत अध्ययनमा आधारित)

## अर्ध-वार्षिक प्रतिवेदन

(आ.व. २०६९/७०)


**नेपाल राष्ट्र बैंक**

**अनुसन्धान विभाग**

**आर्थिक विकास शाखा**

बालुवाटार, काठमाण्डौ ।



२०७० बैशाख

नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागले आर्थिक वर्ष २०६८/६९ देखि कार्यान्वयनमा ल्याएको "उपत्यका बाहिरका कार्यालयहरुद्वारा सम्पादन गरिने अध्ययन-अनुसन्धान कार्य सम्बन्धी मार्गदर्शन, २०६७" अनुरुप अनुसन्धान विभाग, आर्थिक विकास शाखा तथा नेपाल राष्ट्र बैंकका उपत्यका बाहिरका कार्यालयहरु (विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी) का कार्यक्षेत्र अन्तर्गतका निम्नानुसारका ४२ जिल्लाहरुको समग्र आर्थिक गतिविधि सम्बन्धी विभिन्न तथ्याङ्क एवम् सूचना र स्थलगत अध्ययनका आधारमा तयार पारिएका प्रतिवेदनहरु प्रशोधन गरी यो समष्टिगत प्रतिवेदन तयार गरिएको छ ।

| **क्षेत्र** | **अध्ययनमा समेटिएका जिल्लाहरू** |
|---|---|
| काठमाण्डौ | काठमाण्डौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, धादिङ्ग र नुवाकोट |
| विराटनगर | इलाम, झापा, सुनसरी, मोरङ, धनकुटा, सप्तरी |
| जनकपुर | सिराहा, धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली र उदयपुर |
| वीरगञ्ज | बारा, पर्सा, मकवानपुर, रौतहट र चितवन |
| पोखरा | कास्की, स्याङ्जा, गोर्खा, तनहुँ, लमजुङ, बाग्लुङ र पर्वत |
| सिद्धार्थनगर | रूपन्देही, नवलपरासी, कपिलवस्तु र पाल्पा |
| नेपालगञ्ज | बाँके, बर्दिया, दाङ र सुर्खेत |
| धनगढी | कैलाली, कञ्चनपुर, डडेल्धुरा र डोटी |

# विषय-सूची


| | | पेज नं. |
|---|---|---|
| **सारांश** | | १ |
| **परिच्छेद १** | **कृषि क्षेत्र** | **२-६** |
| १.१ | कृषि उपजले ढाकेको क्षेत्रफल | २ |
| १.२ | कृषि उत्पादन | ३ |
| १.३ | सिँचाइ सुविधामा भएको विस्तार | ४ |
| १.४ | क्षेत्रगत कृषि कर्जा स्थिति | ५ |
| १.५ | कृषि उत्पादनको परिदृश्य | ५ |
| **परिच्छेद २** | **औद्योगिक क्षेत्र** | **७-९** |
| २.१ | प्रमुख उद्योगहरुको क्षमता उपयोग तथा उत्पादन स्थिति | ७ |
| २.२ | क्षेत्रगत औद्योगिक कर्जा स्थिति | ८ |
| २.३ | औद्योगिक उत्पादनको परिदृश्य | ८ |
| **परिच्छेद ३** | **सेवा क्षेत्र** | **१०-१२** |
| ३.१ | पर्यटन उद्योग | १० |
| ३.२ | घरजग्गा तथा रियलस्टेट गतिविधि | १० |
| ३.३ | वित्तीय सेवा | ११ |
| ३.४ | यातायात तथा संचार | १२ |
| ३.५ | सेवा क्षेत्रको परिदृश्य | १२ |
| **परिच्छेद ४** | **चुनौतीहरु** | **१३-१४** |
| ४.१ | कृषि क्षेत्र | १३ |
| ४.२ | उद्योग क्षेत्र | १३ |
| ४.३ | सेवा क्षेत्र | १३ |
| ४.४ | पूर्वाधार क्षेत्र | १४ |
| ४.५ | सरकारी राजस्व तथा खर्च र वैदेशिक व्यापार | १४ |
| **तालिका तथा अनुसूचीहरु** | | |

# तालिका तथा अनुसूचीहरु

**तालिका नं.**


१ प्रमुख कृषि बालीहरुले ढाकेको क्षेत्रफल (समग्र, क्षेत्रगत र जिल्लागत)
२ प्रमुख कृषि बालीहरुको उत्पादन (समग्र, क्षेत्रगत र जिल्लागत)
३ प्रमुख पशुपंक्षी, माछा तथा बनजन्य उत्पादन (समग्र, क्षेत्रगत र जिल्लागत)
४ सिँचाइ सुविधामा भएको बिस्तार (समग्र, क्षेत्रगत र जिल्लागत)
५ कृषि कर्जा लगानी स्थिति (समग्र, क्षेत्रगत र जिल्लागत)
६ प्रमुख उद्योगहरुको क्षमता उपयोग (समग्र, क्षेत्रगत र जिल्लागत)
७ औद्योगिक उत्पादन स्थिति (समग्र, क्षेत्रगत र जिल्लागत)
८ औद्योगिक कर्जा लगानी स्थिति (समग्र, क्षेत्रगत र जिल्लागत)
९ पर्यटन स्थिति (समग्र, क्षेत्रगत र जिल्लागत)
१० घरजग्गा तथा रियलस्टेट (समग्र, क्षेत्रगत र जिल्लागत)

क (अ) बैंक तथा वित्तीय संस्थाका शाखाहरु
क (आ) निक्षेप तथा कर्जा स्थिति
क (इ) मनिचेञ्जर तथा विदेशी मुद्रा सटहीको अनुमति प्राप्त एजेन्सीहरु
ख (अ) फण्ड ट्रान्सफर
ख (इ) भारतीय मुद्रा खरिद बिक्री विवरण

अनुसूची क यातायात सेवा
अनुसूची ख संचार सेवा
अनुसूची ङ काठमाण्डौ उपत्यकाको निक्षेप तथा कर्जा सम्बन्धी विवरण

# सारांश

१. आर्थिक वर्ष २०६९/७० को पहिलो ६ महिनामा अध्ययनमा समेटिएका ४२ जिल्लाहरुको **कृषि क्षेत्रको समग्र अवस्था कमजोर रहेको छ** । समीक्षा अवधिमा कृषि उपजले ढाकेको भू-क्षेत्र, प्रमुख खाद्यान्न बालीहरु लगायत केही पशुजन्य उत्पादनमा ह्रास आएको छ । तथापि, तरकारी तथा बागवानी र फलफूल तथा मसला बालीको उत्पादनमा भने सामान्य वृद्धि देखिएको छ । समीक्षा अवधिमा प्रमुख खाद्यान्न बालीहरुमध्ये **धानको उत्पादन ११.८ प्रतिशतले, मकैको उत्पादन ९.४ प्रतिशतले र कोदोको उत्पादन १.५ प्रतिशतले ह्रास आएको छ** । त्यसैगरी, यस अवधिमा अध्ययन क्षेत्र अर्न्तगतका बैंक तथा वित्तीय संस्थाहरुको समग्र **कृषि कर्जा लगानी २८.५ प्रतिशतले वृद्धि भएको छ** ।

२. समीक्षा अवधिमा अध्ययनमा समेटिएका **उद्योगहरुले कुल उत्पादन क्षमताको औसतमा ४४.७ प्रतिशत मात्र उपयोग गरेका छन्** । समीक्षा अवधिमा भटमास तथा तोरीको तेल, दुग्ध पदार्थ, पशुदाना, अन्य खाद्य पदार्थ समूह, सिमेन्ट तथा विजुलीका उपकरण आदिको उत्पादन बढेको छ भने चामल, पेय पदार्थ, चुरोट, लत्ता कपडा, फलामे छड तथा पत्ति, ईटा आदिको उत्पादनमा ह्रास आएको छ । त्यसैगरी, समीक्षा अवधिमा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको समग्र **औद्योगिक कर्जा लगानी ८.७ प्रतिशतले वृद्धि भएको छ** ।

३. समीक्षा अवधिमा **हवाईमार्गबाट नेपाल आउने पर्यटकको संख्यामा ह्रास आएको छ ।** वित्तीय सेवा अन्तर्गत निक्षेप तथा कर्जा परिचालन, वित्तीय सेवाको पहुँच, बैंक शाखा लगायतका **वित्तीय सेवा**का प्रमुख परिसूचकहरुलाई विश्लेषण गर्दा यस क्षेत्रमा समीक्षा अवधिमा **केही सुधार देखिएको छ** । समीक्षा अवधिमा **घरजग्गा कारोबारमा देखिएको शिथिलतामा समेत केही सुधारको संकेत देखिएको छ ।** त्यसैगरी, समीक्षा अवधिमा अध्ययन क्षेत्रमा **यातायात तथा संचार सुविधामा थप विस्तार भएको छ** ।

४. स्थलगत सर्वेक्षणबाट प्राप्त विवरण अनुसार कृषि क्षेत्रका समस्याहरुमा **आधुनिक प्रविधि, रासायनिक मल, उन्नत बीउ/विजन, प्रविधि एवम् आधारभूत पूर्वाधार विकास** (सिंचाई, कृषि वजार, भण्डारण, वित्तीय सेवा आदि) को अभाव आदि प्रमुख रहेका छन् । त्यसैगरी, **अपर्याप्त विद्युत एवम् ईन्धनको आपूर्ति तथा अन्य संरचनागत अवरोध (Structural Bottlenecks)** उद्योग एवम् सेवा क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।


**५.** स्थलगत अध्ययनबाट प्राप्त पहिलो अर्ध-वार्षिक स्थिति लगायत सरोकारवालाहरुसँगको छलफल तथा अन्तर्क्रियाका आधारमा आर्थिक वर्ष २०६९/७० को बाँकी अवधिको परिदृश्य विश्लेषण गर्दा कृषि क्षेत्रतर्फ मौसमी अनुकूलताको कारण **हिउँदे बालीको उत्पादनमा केही सुधार हुने देखिन्छ** भने विद्युत आपूर्ति र श्रम सम्बन्धमा केही सुधार आउने अनुमानको आधारमा उद्योग क्षेत्रमा चालु आर्थिक बर्षको बाँकी अवधिमा केही सकारात्मक प्रभाव पर्ने देखिएता पनि यस अवधिमा पूँजीगत खर्चमा खासै सुधार आउन नसक्ने देखिएकोले पूर्वाधार र सेवा क्षेत्रमा खासै प्रगति हुने देखिदैन ।

परिच्छेद १

# कृषि क्षेत्र

१.१. **कृषि उपजले ढाकेको भू-क्षेत्र :** आर्थिक वर्ष २०६९/७० को साउनदेखि पुस मसान्तसम्मको अवधिमा प्रमुख कृषि बालीहरु (खाद्य तथा अन्य बाली, तरकारी तथ बागवानी एवम् फलफुल तथा मसला) ले ढाकेको कुल क्षेत्रफलमा २.० प्रतिशतले ह्रास आएको छ। गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफलमा २.७ प्रतिशतले वृद्धि भएको थियो।

(क) **खाद्य तथा अन्य बाली :** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल २.७ प्रतिशतले ह्रास आएको छ। गत अवधिमा यस्तो बालीले ढाकेको क्षेत्रफलमा २.८ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा मकै, उखु, र भटमास बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ भने धान, गहुं, कोदो जौं, फापर, आलु, दलहन र तेलहन बालीले ढाकेको क्षेत्रफलमा ह्रास अएको छ।




(ख) **तरकारी तथा बागवानी :** समीक्षा अवधिमा तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफलमा ४.२ प्रतिशतले वृद्धि भएको छ। गत अवधिमा यस किसिमका बालीले ढाकेको क्षेत्रफलमा १.० प्रतिशतले वृद्धि भएको थियो।

(ग) **फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमा ३.३ प्रतिशतले वृद्धि भएको छ। गत अवधिमा उक्त बालीले ढाकेको क्षेत्रफलमा ३.२ प्रतिशतले वृद्धि भएको थियो। बढ्दो बजार मागसँगै फलफूल तथा मसला बालीको उत्पादनमा कृषकहरुको आकर्षण बढ्दै गएकोले यस्ता बालीले ढाकेको क्षेत्रफलमा विस्तार भएको हो।


(घ) अध्ययन क्षेत्रका हिसावले कृषि उपजले ढाकेको भू-क्षेत्रमध्ये खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल काठमाण्डौ र वीरगञ्ज क्षेत्रमा वृद्धि भएको छ भने विराटनगर, जनकपुर, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी क्षेत्रमा ह्रास आएको छ। तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर तथा धनगढी क्षेत्रमा वृद्धि भएको छ भने काठमाण्डौं र नेपालगञ्ज क्षेत्रमा ह्रास आएको छ। त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफल सिद्धार्थनगर क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा वृद्धि भएको छ।

यस सम्बन्धी विस्तृत विवरण तालिका १ (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ।

१.२ **कृषि उत्पादन :** समीक्षा अवधिमा प्रमुख कृषि बालीहरु (खाद्य तथा अन्य बाली, तरकारी तथ बागवानी एवम् फलफुल तथा मसला) को कुल उत्पादन ५.३ प्रतिशतले ह्रास आएको छ। गत अवधिमा यस्ता बालीहरुको उत्पादनमा २.४ प्रतिशतले वृद्धि भएको थियो।

**(क)** **खाद्य तथा अन्य बाली :** समीक्षा अवधिमा प्रमुख खाद्य बालीहरु धान, मकै तथा कोदोको उत्पादनमा क्रमशः ११.८ प्रतिशत, ९.४ प्रतिशत तथा १.५ प्रतिशतले ह्रास आएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी बालीहरुको उत्पादन क्रमशः ६.९ प्रतिशत १.४ प्रतिशत र ५.४ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा आलुको उत्पादन ०.६ प्रतिशत, भटमासको उत्पादन ५.६ प्रतिशत, दलहनको उत्पादन ४.९ प्रतिशत तथा तेलहनको उत्पादन ५.९ प्रतिशतले ह्रास आएको छ भने उखुको उत्पादन ५.६ प्रतिशत र जौंको उत्पादन ०.९ प्रतिशतले वृद्धि भएको छ। खासगरी, समीक्षा अवधिमा बाली लगाउने समयमा परेको खडेरीका कारण प्रमुख खाद्य बालीहरुको उत्पादनमा ह्रास आएको हो ।

भौगोलिक आधारमा तुलना गर्दा अध्ययन गरिएका सम्पूर्ण क्षेत्रहरुमा समीक्षा अवधिमा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादनमा ह्रास आएको छ । यस्ता बालीको उत्पादन विराटनगर क्षेत्रमा सबैभन्दा बढी अर्थात् १७.५ प्रतिशतले ह्रास आएको छ भने पोखरा क्षेत्रमा सबैभन्दा कम अर्थात् ०.८ प्रतिशतले ह्रास आएको छ। खासगरी मौसमी प्रतिकूलता, अन्नबालीमा रोगको प्रकोप, मल र उन्नत बीउ/बीजनको अभावका कारण समीक्षा अवधिमा विराटनगर क्षेत्रमा उत्पादनमा उल्लेख्य गिरावट आएको हो ।




**(ख)** **तरकारी तथा बागवानी** : समीक्षा अवधिमा तरकारी तथा बागवानी समूहको उत्पादनमा २.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त समूहको उत्पादन ४.२ प्रतिशतले वृद्धि भएको थियो । तरकारी, च्याउ एवम् नर्सरीजन्य फूलको बढ्दो मागसँगै कृषकहरु वेमौसमी तरकारी खेती तथा नर्सरीतर्फ आकर्षित हुँदै गएको, किटनाषक औषधीको प्रयोगले तरकारी बालीमा क्षति न्यूनीकरण हुँदै गएको एवम् उन्नत बीउको प्रयोग लगायतका कारण यस समूहको उत्पादनमा क्रमिक वृद्धि हुँदै आएको छ ।

क्षेत्रगत रुपमा तुलना गर्दा समीक्षा अवधिमा तरकारी तथा बागवानी समूहको समग्र उत्पादन काठमाण्डौ, सिद्धार्थनगर र नेपालगञ्ज बाहेक अन्य सबै क्षेत्रमा वृद्धि भएको छ ।

**(ग)** **फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसला बालीको समग्र उत्पादन १.१ प्रतिशत वृद्धि भएको छ । गत अवधिमा यस्तो उत्पादनमा ३.९ प्रतिशतले वृद्धि भएको थियो । यस समूह अन्तर्गत आँपको उत्पादन ४.३ प्रतिशत, केराको ०.४ प्रतिशत, स्याउको ०.२ प्रतिशत, मसलाको ०.६ प्रतिशत तथा चियाको उत्पादन ०.२ प्रतिशतले वृद्धि भएको छ भने सुन्तलाको र कफीको उत्पादन क्रमशः ३.० प्रतिशत र १०.९ प्रतिशतले ह्रास आएको छ । अघिल्लो वर्षको सोही अवधिमा सुन्तला, केरा, स्याउ, मसला, चिया तथा कफीको उत्पादनमा वृद्धि भएको थियो भने आँप तथा अन्य फलफूलको उत्पादनमा ह्रास आएको थियो । आँपको उत्पादनमा चक्रीय प्रभाव हुने हुँदा समीक्षा अवधिमा बढि फल लाग्ने समय परेको कारण यसको

उत्पादन वृद्धि भएको हो । सुन्तलाको उत्पादन हुने प्रमुख क्षेत्र पोखरामा सुन्तलामा सिट्स ग्रिनिङ (बोट सुक्ने र मर्ने) रोगका कारण सुन्तला बगैचा क्रमशः नासिदै गएकोले उत्पादनमा ह्रास आएको छ ।

क्षेत्रगत रुपमा तुलना गर्दा समीक्षा अवधिमा फलफूल तथा मसला बालीको समग्र उत्पादन वीरगञ्ज, पोखरा तथा सिद्धार्थनगर क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा वृद्धि भएको छ ।


यस सम्बन्धी विस्तृत विवरण तालिका २ (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ ।

(घ) **प्रमुख पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन :** आर्थिक वर्ष २०६९/७० को पहिलो ६ महिनासम्मको अवधिमा दूधको उत्पादनमा १.२ प्रतिशतले ह्रास आएको छ जसको उत्पादन गत वर्षको सोही अवधिमा ३.१ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा मासु तथा अण्डाको उत्पादन क्रमशः १.१ प्रतिशत तथा २.७ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिका मासुको उत्पादन १.५ प्रतिशतले र अण्डाको उत्पादन ७.३ प्रतिशतले वृद्धि भएको थियो । समिक्षा अवधिमा मासुजन्य उत्पादन तर्फ खसी बोका तथा भेडाको मासु उत्पादन सबैभन्दा बढी अर्थात् २.८ प्रतिशतले वृद्धि भएको छ भने सुंगुर तथा बंगुरको मासु उत्पादनमा १.३ प्रतिशतले ह्रास आएको छ । समीक्षा अवधिमा माछाको उत्पादन ८.९ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यसको उत्पादनमा १.९ प्रतिशतले ह्रास आएको थियो । माछापालनलाई प्रोत्साहित गर्ने उद्देश्यले विभिन्न जिल्लाहरुमा Mission Fish कार्यक्रम लागू भएको र यस कार्यक्रम अन्तर्गत कृषकहरुलाई व्यवसायिक रुपमा माछापालन गर्न आर्थिक अनुदान तथा अन्य प्राविधिक सहयोग उपलब्ध गराईएकोले यसतर्फ कृषकहरुको आकर्षण बढ्दै गएकोले उत्पादनमा विस्तार भएको हो । त्यसैगरी, समीक्षा अवधिमा अध्ययनले समेटेका क्षेत्रमा काठको उत्पादनमा ९.२ प्रतिशत, दाउराको उत्पादनमा ७७.७ प्रतिशत तथा औषधीजन्य वस्तुको उत्पादनमा ८७.० प्रतिशतले ह्रास आएको छ । वन संरक्षण गर्न तथा चोरी पैठारीलाई नियन्त्रण गर्न काठ कटान तथा विक्री वितरण सम्बन्धी विद्यमान सरकारी नीति यथावत रहेको तथा जडिबुटि संकलन कार्यलाई सरकारले नियन्त्रण गर्दै आएकाले समीक्षा अवधिमा समग्र वनजन्य उत्पादनमा ह्रास आएको हो ।

क्षेत्रगत रुपमा तुलना गर्दा समीक्षा अवधिमा दूधको उत्पादन काठमाण्डौं, जनकपुर, वीरगञ्ज तथा नेपालगञ्ज क्षेत्रमा ह्रास आएको छ भने अन्य क्षेत्रमा वृद्धि भएको छ । मासुको उत्पादन काठमाण्डौं र नेपालगञ्ज बाहेक अन्य सबै क्षेत्रमा वृद्धि भएको छ । त्यसैगरी, अण्डाको उत्पादन काठमाण्डौ र सिद्धार्थनगर क्षेत्रमा ह्रास आएको छ भने बाँकी सबै क्षेत्रहरुमा उत्पादन वृद्धि भएको छ । माछा उत्पादनतर्फ, जनकपुर, सिद्धार्थनगर तथा धनगढी क्षेत्रमा उत्पादनमा गिरावट आएतापनि विराटनगर, वीरगञ्ज तथा नेपालगञ्जमा क्षेत्रमा उत्पादनमा उल्लेख्य वृद्धिका कारण माछाको समग्र उत्पादनमा वृद्धि भएको छ । त्यसैगरी, समीक्षाअवधिमा वनजन्य उत्पादनतर्फ काठको उत्पादन विराटनगर, जनकपुर, पोखरा तथा सिद्धार्थनगरमा वृद्धि भएको छ भने अन्य क्षेत्रमा यसको उत्पादनमा ह्रास आएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ३ (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ ।

**१.३ सिँचाइ स्थिति :** समीक्षा अवधिमा अध्ययनमा समेटिएका ४२ जिल्लाहरुको कुल सिंचित क्षेत्रफल २ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा उक्त क्षेत्रफलमा २.७ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा कुल खेती गरिएको क्षेत्रफलमध्ये ४० प्रतिशत क्षेत्रफल सिंचित रहेको पाईन्छ । कुल सिंचित क्षेत्रफलमध्ये ४२.९ प्रतिशत नहर, २८.७ प्रतिशत कुलो, १९.० प्रतिशत पोखरी तथा ९.३ प्रतिशत बोरिङ्गबाट सिंचाई गरिएको छ ।




अध्ययन क्षेत्र अनुसार समीक्षाअवधिमा वीरगञ्ज क्षेत्र बाहेकका अन्य सबै क्षेत्रहरुमा सिंचित क्षेत्रफलमा वृद्धि भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ४ (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ ।

१.४ **क्षेत्रगत कृषि कर्जाको स्थिति :** आर्थिक वर्ष २०६९/७० को पहिलो ६ महिनासम्मको अवधिमा तथ्याङ्क सङ्कलन गरिएका अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कृषि कर्जा अघिल्लो वर्षको सोही अवधिको तुलनामा २८.५ प्रतिशतले वृद्धि भई रु. ३७ अर्ब १० करोड पुगेको छ । गत आर्थिक वर्षको सोही अवधिमा कृषि कर्जा लगानीमा २७.३ प्रतिशतले वृद्धि भई रु. २६ अर्ब ४५ करोड कायम भएको थियो । समीक्षा अवधिमा यसरी प्रवाहित कुल कर्जामध्ये सबैभन्दा बढी कर्जा अन्य कृषि तथा कृषिजन्य सेवा शिर्षकमा ५५.७ प्रतिशत अर्थात् रु. २० अर्ब ६७ करोड रहेको छ भने सबैभन्दा न्यून सूर्ति बालीमा ०.१ प्रतिशत अर्थात् रु. ४ करोड रहेको छ । नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुले कुल कर्जाको कम्तिमा १० प्रतिशत कृषि तथा उर्जा क्षेत्रमा प्रवाह गर्नु पर्ने गरी निर्देशन जारी गरेको हुँदा यस्तो कर्जामा उल्लेख्य वृद्धि भएको हो ।

कृषि क्षेत्रमा प्रवाहित कुल कर्जालाई क्षेत्रगत रुपमा तुलना गर्दा काठमाण्डौ क्षेत्रको अंश २९.८ प्रतिशत, वीरगञ्ज क्षेत्रको २५.५ प्रतिशत, सिद्धार्थनगर क्षेत्रको ११.८ प्रतिशत, जनकपुर क्षेत्रको १०.३ प्रतिशत, पोखरा क्षेत्रको ८.३ प्रतिशत, नेपालगञ्ज क्षेत्रको ७.५ प्रतिशत, विराटनगर क्षेत्रको ६.० प्रतिशत र धनगढी क्षेत्रको अंश ०.८ प्रतिशत रहेको छ । अधिकांश ठूला बैंक तथा वित्तीय संस्थाका केन्द्रीय कार्यालय काठमाण्डौ क्षेत्रमा रहनु र कर्जा लगानी सम्बन्धी अधिकार प्रायः केन्द्रीय कार्यालयहरुमै रहनुले कूल कर्जामा काठमाण्डौ क्षेत्रको कर्जा लगानी उच्च देखिएको हो ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ५ (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ ।

१.५ **कृषि उत्पादनको परिदृश्य (Outlook)**

(क) कुल खेती गरिएको क्षेत्रफलमध्ये करिव ४० प्रतिशत भू-भागमा मात्र सिंचाई सुविधा उपलब्ध रहेको वर्तमान अवस्थामा प्रमुख खाद्यबाली धान तथा मकै लगाउने समयमा भएको खण्डवृष्टि तथा अल्पवृष्टिले खाद्य बालीको उत्पादनलाई प्रत्यक्ष प्रभाव पार्ने गरेको देखिन्छ । त्यसैगरी, निर्माणाधीन अवस्थामा रहेका भेरी बबई डाईभर्सन, रानीजमरा सिंचाई आयोजना तथा सिक्टा सिंचाइ आयोजना लगायतका ठूला सिंचाई आयोजनाहरु तत्कालै सम्पन्न हुने अवस्था नभएकोले सिँचाइको क्षेत्रमा छोटो अवधिमा उल्लेख्य सुधार हुने देखिंदैन । यद्यपि, यस वर्षको हिउँदमा मौसमी अवस्था सुधारोन्मुख रहेको कारण गहुँ, तेलहन लगायतका हिउँदे बालीको उत्पादनमा भने वृद्धि हुने अनुमान गरिएको छ ।

बढ्दो बजार मागसँगै कृषकहरु एकल, सामूहिक एवम् सहकारीको माध्यमबाट फलफूल, बेमौसमी एवम् अर्गानिक तरकारी तथा च्याउ खेतीतर्फ आकर्षित हुदै गएकोले आगामी दिनमा यस समूहका बालीको क्षेत्रफल तथा उत्पादनमा थप विस्तार हुने देखिन्छ ।

(ख) समीक्षा अवधिमा विभिन्न स्थानमा कुखुरापालन व्यवसायमा नयाँ फर्महरु संचालनमा आउनुको साथै व्यवसायिक पशुपालनतर्फ युवा जनशक्तिको पनि आकर्षण बढ्दै गएकोले मासु, दूध लगायतका पशुजन्य उत्पादनमा वृद्धि हुने देखिन्छ । त्यसैगरी, मत्स्यपालन प्रर्वद्धन गर्ने हेतुले विभिन्न जिल्लाहरुमा लागू गरिएको Mission Fish कार्यक्रम संचालनमा रहेका कारण आगामी दिनमा माछाको उत्पादनमा समेत थप विस्तार हुने देखिन्छ ।

(ग) गत अवधिमा काठ कटान कार्य खुला गरिएको भएतापनि विभिन्न क्षेत्रमा लागू भएको अघोषित 4Ds (Dead, Diseased, Died and Decayed) नीति तथा अन्य केही क्षेत्रमा काठ कटान कार्यलाई पुनः स्थगित गरिएका कारण विद्यमान सरकारी नीति परिवर्तन नभएसम्म यस्तो उत्पादनमो वृद्धि हुने अवस्था देखिदैन । त्यसैगरी, ईन्धनको रुपमा दाउराको सट्टा गोबर ग्याँस र एल.पि. ग्याँसको प्रयोग बढ्दै गएकाले दाउराको माग समेत घट्न गई आगामी दिनमा वनजन्य उत्पादनमा ह्रास आउन सक्ने देखिन्छ ।

परिच्छेद २

# औद्योगिक क्षेत्र

## २.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन स्थिति

(क) समीक्षा अवधिमा सर्वेक्षणमा समेटिएका अध्ययन क्षेत्रका उद्योगहरुको औसत क्षमता उपयोग ४४.७ प्रतिशत रहेको छ । यस अवधिमा बियर उद्योगले सबैभन्दा बढी अर्थात् ७७.५ प्रतिशत उत्पादन क्षमता उपयोग गरेको पाईन्छ भने चिनी उद्योगले सबैभन्दा कम अर्थात् ११.२ प्रतिशत क्षमता उपयोग गरेको छ । खासगरी, आर्थिक वर्षको शुरुमा उखु बाली लगाउने समय पर्ने र वर्षको पछिल्लो समयमा उत्पादन हुने कारण चिनीको उत्पादन प्रायः Seasonal हुने हुँदा समीक्षा अवधिमा चिनी उद्योगको क्षमता उपयोग न्यून रहेको हो ।

यस सम्बन्धी विस्तृत विवरण तालिका नं. ६ (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ ।

(ख) समीक्षा अवधिमा अध्ययनले समेटेका उद्योगहरुमध्ये भटमासको तेल, तोरीको तेल, दुग्ध पदार्थ, गहुँको पिठो, बिस्कुट, पशुदाना, चिनी, चाउचाउ, मदिरा, हल्का पेय पदार्थ, पस्मिना, गार्मेन्ट, प्रशोधित छाला, कागज, प्लाष्टिकका सामान, सिमेन्ट, जि.आई. तार, घरेलु धातुका सामान, अल्मुनियम तथा बिजुलीको तार र केबुलको उत्पादनमा वृद्धि भएको छ भने वनस्पति घ्यू, चामल, वियर, धागो, सिन्थेटिक कपडा, जुटका सामान, काठजन्य उत्पादन, रोजिन, साबुन, ईटा, फलामे छड तथा पत्ति एवम् औषधी लगायतका रासायनिक पदार्थको उत्पादनमा ह्रास आएको छ ।

(ग) समीक्षा अवधिमा वनस्पती घ्यूको उत्पादनमा ह्रास आएतापनि भटमास तथा तोरीको तेलको उत्पादन वृद्धि भएकोले वनस्पती घ्यू तथा तेल समूहको समग्र उत्पादन २५.३ प्रतिशतले वृद्धि भएको छ । गत अवधिमा तेलहन बालीको क्षेत्रफलमा भएको विस्तार एवम् अनुकूल मौसमका कारण तोरीको उत्पादनमा भएको वृद्धि, यस्ता उद्योगहरुलाई दिईएको भ्याट फिर्ताको सुविधा तथा बजार माग वृद्धिका कारण समीक्षा अवधिमा भटमास तथा तोरीको तेलको उत्पादनमा वृद्धि भएको हो भने वनस्पति घ्यूको भारत निकासी बन्द भई बजार मागमा आएको ह्रासका कारण उत्पादनमा गिरावट आएको हो । त्यसैगरी, समीक्षा अवधिमा दुग्ध पदार्थ तथा अन्य खाद्य पदार्थ समूहको उत्पादन क्रमशः ९.० प्रतिशत र २.८ प्रतिशतले वृद्धि भएको छ भने अन्न तथा पशुदाना र पेय पदार्थ समूहको उत्पादनमा क्रमशः १८.९ प्रतिशत र ४.५ प्रतिशतले ह्रास आएको छ । समीक्षा अवधिमा पस्मिना, गार्मेन्ट तथा सिमेन्टको उत्पादन क्रमशः ४०.७ प्रतिशत, ४५.० प्रतिशत र १३.९ प्रतिशतले वृद्धि भएको छ भने ईटा र फलामे छड तथा पत्तिको उत्पादन क्रमशः ३९.३ प्रतिशत र ६.५ प्रतिशतले ह्रास आएको छ


(घ) क्षेत्रगत रुपमा विश्लेषण गर्दा विराटनगर क्षेत्रमा वनस्पती घ्यू तथा तेल, खाद्य पदार्थ, प्रशोधित चिया, धातुका उपकरण आदिको उत्पादन हुने गरेको छ भने जनकपुर क्षेत्रमा चिनी, मदिरा, कागज आदिको उत्पादन हुने गरेको छ । काठमाण्डौमा हल्का पेय पदार्थ, पस्मिना, ऊनी गलैंचा, चाउचाउ आदिको उत्पादन प्रमुख रहेको छ । त्यसैगरी वीरगञ्ज क्षेत्रमा प्रशोधित दूध, हल्का पेय पदार्थ, चुरोट, लत्ताकपडा, सिमेन्ट, प्रशोधित छाला, औषधी आदि, पोखरा क्षेत्रमा विस्कुट, चाउचाउ, ईंटा, सिमेन्ट आदि, नेपालगञ्ज क्षेत्रमा तोरीको तेल, गहुँको पिठो आदि तथा धनगढी क्षेत्रमा गहुंको पिठो, ईंटा लगायतका बस्तुहरुको उत्पादन हुने गरेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका नं. ७ (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ ।

## २.२ क्षेत्रगत औद्योगिक कर्जाको स्थिति

(क) आर्थिक वर्ष २०६९/७० को पहिलो ६ महिनासम्मको अवधिमा तथ्याङ्क संकलनमा समावेश भएका अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा ८.७ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ५२ अर्ब ३४ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जा ४.६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा प्रवाहित कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा गएको कर्जाको अंश २८.४ प्रतिशत रहेको छ।

(ख) समीक्षा अवधिमा खानी सम्बन्धी शीर्षकमा प्रवाहित कर्जा ३५.० प्रतिशत, धातुका उत्पादन मेसिनरी तथा इलेक्ट्रोनिक सामानमा २१.७ प्रतिशत, उत्पादन सम्बन्धी उद्योगमा ८.४ प्रतिशत, सेवा उद्योग (पर्यटन) मा ७.६ प्रतिशत तथा निर्माण क्षेत्रमा प्रवाहित कर्जा ४.४ प्रतिशतले वृद्धि भएको छ।




(ग) यस अवधिमा प्रवाहित कुल औद्योगिक कर्जा लगानीमध्ये उत्पादनमूलक क्षेत्रमा सबैभन्दा बढी अर्थात् ५६.८ प्रतिशत रहेको छ भने सबैभन्दा न्यून अर्थात् २.२ प्रतिशत कर्जा खानी शीर्षकमा प्रवाह भएको छ। त्यसैगरी, समीक्षा अवधिमा निर्माण सम्बन्धी उद्योगमा २४.१ प्रतिशत, सेवा (पर्यटन) उद्योगमा ९.४ प्रतिशत र धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उद्योगमा ७.६ प्रतिशत कर्जा प्रवाह भएको छ।

(घ) सर्वेक्षणमा समेटिएका अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको कुल औद्योगिक कर्जा लगानीमध्ये काठमाण्डौ क्षेत्रको अंश ६६.६ प्रतिशत, वीरगञ्ज क्षेत्रको अंश १०.३ प्रतिशत, विराटनगर क्षेत्रको अंश ६.६ प्रतिशत, सिद्धार्थनगर क्षेत्रको अंश ६.२ प्रतिशत, पोखरा क्षेत्रको अंश ५.७ प्रतिशत, जनकपुर क्षेत्रको अंश १.६ प्रतिशत, नेपालगञ्ज क्षेत्रको अंश १.७ प्रतिशत तथा धनगढी क्षेत्रको अंश १.२ प्रतिशत रहेको छ।

यस सम्बन्धी विस्तृत विवरण तालिका नं. ८ (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ।

## २.३ औद्योगिक उत्पादन परिदृश्य (Outlook)

(क) ज्यालादर तथा विप्रेषण आप्रवाहमा भईरहेको वृद्धिसँगै सर्वसाधारणको आम्दानीमा समेत वृद्धि भएको हुँदा यसबाट उपभोग प्रवृत्ति एवम् मागमा हुन सक्ने विस्तारका कारण चालु आर्थिक वर्षको बाँकी अवधिमा चाउचाउ, बिस्कुट एवम् हल्का पेय पदार्थको उत्पादनमा वृद्धि हुने देखिन्छ । गत वर्ष तेलहन उत्पादनमा भएको वृद्धि, बढ्दो बजार माग तथा तेल उद्योगहरुलाई प्रदान गरिएको भ्याट छुटको सुविधाका कारण तोरी तथा भटमासको तेलको उत्पादन वृद्धि हुने देखिन्छ । अर्कोतर्फ वनस्पती घ्यूको भारत निकासी बन्द रहेको तथा उत्पादनको तुलनामा स्वदेशी बजार पर्याप्त नरहेकोले आगामी दिनमा यसको उत्पादनमा ह्रास आउने संभावना देखिन्छ । समीक्षा अवधिमा धानको आपूर्तिमा आएको भारी गिरावटका कारण यस वर्ष चामलको उत्पादनमा समेत ह्रास आउने देखिन्छ तर समीक्षा अवधिमा उखु बाली लगाईएको क्षेत्रफल तथा उत्पादनमा

भएको वृद्धि एवम् न्यूनतम बजार मुल्य निर्धारण भएका कारण आपूर्ति बढ्न गई आगामी दिनमा चिनीको उत्पादन भने बढ्न जाने देखिन्छ ।

(ख) स्वदेशमा हाल सिमेण्टको मागको तुलनामा उत्पादन कम रहेको, राष्ट्रिय गौरवका परियोजनाहरुको निर्माण एवम् विकासले प्राथमिकता पाईरहेको, देशमा कच्चा पदार्थ प्रचुर मात्रामा रहेको तथा औद्योगिक सम्बन्धमा समेत विगतको तुलनामा सुधार आएको सन्दर्भमा नयाँ उद्योगहरु स्थापना हुने क्रम बढ्दै गएकोले आगामी दिनमा सिमेण्टको उत्पादनमा थप वृद्धि हुने देखिन्छ ।

(ग) गार्मेण्ट, पस्मिना तथा ऊनी गलैंचा आदिको आन्तरिक उपभोग एवम् वाह्य मागको अवस्थालाई दृष्टिगत गर्दा यी वस्तुहरुको उत्पादनमा केही वृद्धि हुने सम्भावना देखिन्छ । नेपालमा उत्पादित पश्मिना तथा गलैंचाको बजार प्रवर्द्धन, गुणस्तर एवम् प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि हुन सकेमा आगामी दिनमा यी वस्तुहरुको उत्पादन एवम् निर्यात विस्तारमा थप सहयोग पुग्ने देखिन्छ ।

परिच्छेद ३

# सेवा क्षेत्र

## ३.१ पर्यटन उद्योग

(क) समीक्षा अवधिमा अध्ययनमा समेटिएका जिल्लाहरुमा पर्यटक स्तरीय होटलको संख्या ६.२ प्रतिशतले वृद्धि भई १ हजार १ सय १५ पुगेको छ भने होटल शैया संख्या ५.४ प्रतिशतले वृद्धि भई ३० हजार ६ सय ३८ पुगेको छ। गत वर्षको सोही अवधिमा सो संख्यामा क्रमशः २७.७ प्रतिशत र १७.३ प्रतिशतले वृद्धि भएको थियो।

(ख) समीक्षा अवधिमा हवाईमार्गबाट नेपाल आउने पर्यटक संख्यामा ०.२ प्रतिशतले ह्रास आई ३ लाख २ हजार ६ सय २४ रहेको छ। यसमध्ये तेस्रो मुलुकबाट आउने पर्यटक संख्यामा २.१ प्रतिशतले वृद्धि भएको छ भने भारतीय पर्यटक आगमन संख्यामा ७.६ प्रतिशतले ह्रास आएको छ।। सन् २०११ लाई पर्यटन वर्षको रुपमा मनाईएको तथा सन् २०१२ लाई लुम्बिनी भ्रमण वर्षको रुपमा मनाउन प्रचार प्रसार गरिएसँगै विगतमा पर्यटक आगमन संख्यामा वृद्धि भएतापनि समीक्षा अवधिमा पर्यटन क्षेत्रको प्रर्वद्धनमा खासै प्रगती हुन नसकेको एवम् लम्बिदो राजनैतिक संक्रकणकालको कारण समीक्षा अवधिमा पर्यटक आगमन संख्यामा ह्रास आएको हो।

यस सम्बन्धी विस्तृत विवरण तालिका ९ (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ।

## ३.२ घर-जग्गा तथा रियलस्टेट गतिविधि

(क) समीक्षा अवधिमा अध्ययनले समेटेका जिल्लाहरुको समग्र घर-जग्गा रजिष्ट्रेशन संख्यामा गत अवधिको तुलनामा ८.७ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा यस्तो संख्यामा ६.६ प्रतिशतले ह्रास आएको थियो। यस अवधिमा घर-जग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलनमा ३१.५ प्रतिशतले वृद्धि भई रु. २ अर्ब ५५ करोड २६ लाख कायम भएको छ। गत वर्षको सोही अवधिमा यस्तो राजस्व संकलनमा ०.३ प्रतिशतले ह्रास आएको थियो। नेपाल राष्ट्र बैंकले घर-जग्गा क्षेत्रमा प्रवाह हुने कर्जाको सीमा निर्धारण गरे पश्चात् विगतमा बैंक तथा वित्तीय संस्थाहरुले यसतर्फ प्रवाह हुने कर्जा क्रमशः घटाउँदै लगेकाले घर-जग्गा कारोबारमा शिथिलता आई घर-जग्गा रजिष्ट्रेशन संख्या तथा राजस्व संकलनमा भारी गिरावट आएतापनि हाल नीतिगत व्यवस्थामा केही लचकता अपनाईएको हुँदा घर-जग्गा कारोबारको अवस्थामा क्रमिक रुपले सुधार हुंदै गएको हो। यसैगरी, घर-जग्गा कारोबारमा आएको सुधारसँगै समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्यामा ५.२ प्रतिशतले वृद्धि भएको छ। गत अवधिमा यस्तो संख्यामा ०.०१ प्रतिशतले ह्रास आएको थियो।

(ख) समीक्षा अवधिमा घर-जग्गा रजिष्ट्रेशन संख्यालाई क्षेत्रगत रुपमा विश्लेषण गर्दा काठमाण्डौ क्षेत्रमा ४.८ प्रतिशतले, विराटनगर क्षेत्रमा १७.० प्रतिशतले, वीरगञ्ज क्षेत्रमा ६.५ प्रतिशतले, पोखरा क्षेत्रमा १४.२ प्रतिशतले सिद्धार्थनगर क्षेत्रमा ९.२ प्रतिशतले तथा नेपालगञ्ज क्षेत्रमा १८.६ प्रतिशतले वृद्धि भएको छ भने जनकपुर क्षेत्रमा ७.८ प्रतिशतले र धनगढी क्षेत्रमा २०.७ प्रतिशतले गिरावट आएको छ। त्यसैगरी, घर-जग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलन भने सबै क्षेत्रमा वृद्धि भएको छ जसमध्ये काठमाण्डौ क्षेत्रमा सबैभन्दा बढी अर्थात् ४२.२ प्रतिशतले र धनगढी क्षेत्रमा सबैभन्दा कम अर्थात् ८.४ प्रतिशतले वृद्धि भएको छ। समीक्षा अवधिमा घर/भवन नक्शा पास संख्यालाई क्षेत्रगत रुपमा विश्लेषण गर्दा काठमाण्डौ, पोखरा, वीरगञ्ज तथा धनगढी क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा यस्तो संख्यामा वृद्धि भएको छ।


यस सम्बन्धी विस्तृत विवरण तालिका १० (समग्र तथा क्षेत्रगत) मा उल्लेख गरिएको छ।

## ३.३ वित्तीय सेवा

(क) २०६९ को पुस मसान्तसम्ममा अध्ययन क्षेत्रमा समेटिएका ४२ जिल्लामा वाणिज्य बैंकका १३०६, विकास बैंकका ६४६, वित्त कम्पनीका २८३ तथा लघुवित्त विकास बैंकका ५१४ गरी जम्मा २७४९ वटा शाखाहरु सञ्चालनमा छन् । यसमध्ये काठमाण्डौ क्षेत्रमा सबैभन्दा बढी अर्थात् ८०४ वटा तथा धनगढी क्षेत्रमा सबैभन्दा कम अर्थात् ११९ वटा शाखाहरु सञ्चालनमा रहेका छन् ।

यस सम्बन्धी विस्तृत विवरण तालिका नं. क (अ) मा उल्लेख गरिएको छ ।

(ख) आर्थिक वर्ष २०६९/७० को पहिलो ६ महिनासम्ममा तथ्याङ्क संकलनमा समावेश गरिएका अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेप ६.९ प्रतिशतले वृद्धि भई रु. ९ खर्ब ६० अर्ब ८८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप १०.४ प्रतिशतले बढेको थियो । अध्ययन क्षेत्रभित्र बैंकिङ्ग सेवामा भएको विस्तार, बैंक मार्फत् कारोवार गर्ने बढ्दो प्रचलन तथा रेमिट्यान्स आप्रवाहमा वृद्धिको कारण निक्षेप सङ्कलनमा वृद्धि भएको हो ।




(ग) समीक्षा अवधिमा तथ्याङ्क संकलनमा समावेश गरिएका अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जा १०.२ प्रतिशतले वृद्धि भई रु. ७ खर्ब ८० अर्ब १८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा प्रवाह ४.२ प्रतिशतले बृद्धि भएको थियो । निक्षेप संकलनमा भएको वृद्धिसँगै बैंक तथा वित्तीय संस्थाहरुले कर्जा लगानीमा गरेको व्याजदर कटौतीका साथै नेपाल राष्ट्र बैंकले उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्न उत्प्रेरित गरेकोले कर्जा प्रवाहमा वृद्धि भएको हो । अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाको कर्जाको वृद्धिदर निक्षेपको वृद्धिदर भन्दा बढी रहेको कारण गत अवधिमा ७८.७ प्रतिशत रहेको कर्जा/निक्षेप अनुपात समीक्षा अवधिमा ८१.२ प्रतिशत पुगेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका क (आ) मा दिईएको छ ।

(घ) यस अवधिमा अध्ययन क्षेत्र अन्तर्गत तथ्याङ्कमा समेटिएका बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेपमा काठमाण्डौ क्षेत्रको अंश ६८.१ प्रतिशत रहेको छ भने उपत्यका बाहिरका क्षेत्रहरुमध्ये सबैभन्दा बढी अंश पोखरा क्षेत्रको ८.० प्रतिशत तथा सबैभन्दा कम अंश धनगढी क्षेत्रको १.८ प्रतिशत रहेको छ । अध्ययन क्षेत्र अन्तर्गत तथ्यांङ्कमा समेटिएका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा काठमाण्डौ क्षेत्रको अंश ८४.९ प्रतिशत रहेको छ भने उपत्यका बाहिरका क्षेत्रहरुमध्ये सबैभन्दा बढी अंश वीरगञ्ज क्षेत्रको ९.२ प्रतिशत तथा सबैभन्दा कम अंश धनगढी र जनकपुर क्षेत्रको १.९/१.९ प्रतिशत रहेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका क (आ) मा उल्लेख गरिएको छ ।

## ३.४ यातायात तथा संचार

(क) आ.व. २०६८/६९ को पुस मसान्तसम्ममा अध्ययन क्षेत्र अन्तर्गत रहेका अञ्चल यातायात कार्यालयहरुबाट प्राप्त तथ्याङ्कको आधारमा दर्ता भएका कुल सवारी साधन संख्या अघिल्लो वर्षको तुलनामा १६.७ प्रतिशतले वृद्धि भएको छ, जसमध्ये मोटरसाईकलको संख्या १७.६ प्रतिशत तथा अन्य सवारी साधनको संख्या ११.३ प्रतिशतले बढेको छ ।

(ख) समीक्षा अवधिमा नेपाल टेलिकम, एन-सेल तथा अन्य कम्पनीहरुबाट वितरण गरेको मोवाईल (सिडिएमए समेत) तथा ल्याण्ड लाईन टेलिफोनको संख्यामा २३.६ प्रतिशतले वृद्धि भई १ करोड ८९ लाख ४९ हजार ९८ पुगेको छ । त्यसैगरी, २०६८ को राष्ट्रिय जनगणनालाई आधार मान्दा समीक्षा अवधि सम्ममा ७१.५ प्रतिशत नेपालीहरुमा टेलिफोनको पहुँच पुगेको देखिन्छ भने ईन्टरनेटको पहुँच २१.९ प्रतिशत रहेको छ ।

यस सम्बन्धी विवरण अनुसूची क र ख मा उल्लेख गरिएको छ ।

## ३.५ सेवा क्षेत्रको परिदृश्य

(क) विगतका वर्षमा पर्यटन विकास गर्ने हेतुले विभिन्न किसिमका प्रचारात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु आयोजना गरिएको सन्दर्भमा हाल यस किसिमका कार्यक्रमहरु नरहेको तथा देशमा विद्यमान राजनैतिक संक्रमणकालीन अवस्था यथावत रहेकोले आगामी दिनमा पर्यटन आगमन संख्यामा उल्लेख्य सुधार हुने देखिदैन ।

(ख) विगतमा उच्च दरले गिरावट आएको घर-जग्गा कारोबारमा केही सुधार हुन थालेकाले आगामी दिनमा घर-जग्गा राजस्व, रजिष्ट्रेशन एवम् नक्सा पास संख्यामा थप वृद्धि हुने देखिन्छ ।

(ग) बैंक तथा वित्तीय संस्थाहरुको शाखा विस्तारसंगै सर्वसाधारणहरुको वित्तीय पहुँच अभिवृद्धि हुने देखिन्छ भने नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई कृषि तथा उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह गर्न गरेको नीतिगत व्यवस्थाका कारण यस क्षेत्रमा प्रवाहित कर्जामा थप वृद्धि हुने देखिन्छ ।

(घ) बजेट विनियोजनमा भएको ढिलाई एवम् देशको राजनीतिले निकास लिई नसकेको वर्तमान अवस्थामा पूर्वाधार क्षेत्रको विकासमा अपेक्षाकृत उपलब्धि हासिल हुने देखिदैन भने सूचना तथा सञ्चारको क्षेत्रमा भईरहेको तीव्र प्रतिस्पर्धाका कारण गुणस्तर अभिवृद्धि हुनका साथै यस्तो सेवा ग्रामीण क्षेत्रमा पनि थप विस्तार हुँदै जाने देखिन्छ ।

परिच्छेद ४

# चुनौतीहरू

## ४.१ कृषि क्षेत्र

- खेती गरिएको क्षेत्रफलको करिब ४० प्रतिशत भू-क्षेत्रमा मात्र सिंचाई सुविधा उपलब्ध भएको वर्तमान अवस्थामा कृषि क्षेत्रको उत्पादन मौसममा भर पर्ने कारण सिंचाई सुविधामा यथेष्ट रुपमा विस्तार गरी उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गर्ने चुनौती विद्यमान रहेको छ ।
- जलवायु परिवर्तन तथा भौगोलिक विविधतालाई समेत ध्यानमा राखी उन्नत जातका बीउ/विजन तथा रासायनिक मलको समयमै सहज आपूर्ति, वितरण एवम् प्रयोगलाई व्यवस्थित गर्ने समस्या विद्यमान छ ।
- बजारीकरण तथा न्यूनतम बजार मूल्य निर्धारणको अभाव, भण्डारण एवम् शीतगृह जस्ता अत्यावश्यक भैतिक पूर्वाधारको पर्याप्त विकास नहुनाले कृषकहरुले आफ्नो उपजको बिक्री वितरणको लागि बिचौलियाहरुको भर पर्नुपर्ने अवस्था रहेको छ । जसले गर्दा एकातर्फ कृषकहरु आफ्नो उत्पादनको उचित मूल्य पाउन सकिरहेका छैनन् भने अर्कोतर्फ उपभोक्ताहरुले चर्को मूल्य तिर्नुपर्ने समस्या विद्यमान रहेको छ ।
- श्रमशक्ति स्थानान्तरण एवम् विशेषगरी युवाहरुको वैदेशिक रोजगारमा जाने बढ्दो प्रवृत्तिबाट कृषि क्षेत्रमा श्रमशक्तिको अभाव हुन गई ज्यालादर वृद्धि हुनका साथै खेतीयोग्य जमिन बाँझो रहने समस्या बढ्दै गईरहेको छ ।
- विभिन्न क्षेत्रहरूमा खेतीयोग्य उर्वर भूमिलाई अव्यवस्थित रुपले प्लटिङ गर्ने क्रम बढेको तथा जमिन खण्डिकृत हुँदै गएकोले कृषि उत्पादन तथा उत्पादकत्वमा प्रतिकूल प्रभाव परेको छ ।
- बाली तथा पशुपंछी बीमा सम्बन्धी हाल विद्यमान नीतिगत व्यवस्थाको कार्यान्वयन पक्षलाई थप सरल एवम् प्रभावकारी बनाई यसलाई व्यापक रुपमा लागू गर्ने कार्य चुनौतिपूर्ण छ ।

## ४.२ उद्योग क्षेत्र

- मुलुकमा लम्बिदो संक्रमणकालीन अवस्था, कमजोर शान्ति-सुरक्षा एवम् समय-समयमा भईरहने बन्द-हड्तालका कारण उद्योगी व्यवसायीहरुमा पर्याप्त मात्रामा विश्वासको वातावरण सृजना हुन सकेको छैन । औद्योगिक क्षेत्रमा शान्ति-सुरक्षा सुदृढ तथा श्रम सम्बन्धलाई थप सुमधुर बनाउदै लगानीमैत्री वातावरण सृजना गरी स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गर्ने कार्य चुनौतीपूर्ण देखिन्छ ।
- उर्जा संकट, बढ्दो श्रम लागत तथा कच्चा पदार्थको अभावका कारण उद्योगहरु पूर्ण क्षमतामा संचालन हुन सकिरहेका छैनन् । जसले गर्दा उत्पादित वस्तुहरुको मूल्य बढ्न गई प्रतिस्पर्धात्मक क्षमतामा ह्रास आएकोले स्वदेशी तथा विदेशी बजारमा नेपाली उत्पादनको माग अभिवृद्धि गर्ने कार्य चुनौतीपूर्ण छ ।
- उद्योग क्षेत्रमा आवश्यक पर्ने दक्ष जनशक्तिको विकास गर्दै ठूलो संख्यामा विदेशिने युवा पिढीलाई यस क्षेत्रमा आकर्षित गरी हाल उद्योगहरुले भोग्नु परेको दक्ष कामदारको अभाव समधान गर्ने कार्य थप चुनौतीपूर्ण रहेको छ ।

## ४.३ सेवा क्षेत्र

- सेवा क्षेत्र अन्तर्गत पर्यटन विकासको प्रचुर संभावनाको वावजुद अपेक्षित उपलब्धिहरु हासिल हुन सकेका छैनन् । खासगरी काठमाण्डौ उपत्यका र पोखरा लगायतका सीमित स्थानहरुमा पर्यटन विकासका लागि प्रवर्द्धनात्मक कार्यक्रमहरु अघि सारिएको भए पनि यसलाई देशका अन्य सम्भाव्य स्थानहरुसम्म पुऱ्याउन सकिएको छैन ।
- एकातर्फ, अन्तर्राष्ट्रिय विमानस्थल काठमाण्डौमा मात्र हुनु, उपत्यका र पोखरा बाहेकका स्थानमा पर्यटकस्तरीय होटल पर्याप्त नहुनु, यातायात सुविधा एवम् अन्य भौतिक पूर्वाधार अभाव तथा राजनैतिक अस्थिरताका कारण पर्यटन क्षेत्रको प्रचुर सम्भावनालाई उपयोग गर्न सकिएको छैन भने अर्कोतर्फ, प्रचुर संभावना बोकेका

ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक स्थलहरुको संरक्षण तथा संबर्द्धनमा पर्याप्त ध्यान दिन नसकिएको कारण अपेक्षित रुपमा पर्यटकहरु आर्कषण गर्न सकिरहेको छैन ।

- निजी क्षेत्रका बैंक/वित्तीय संस्थाहरुका सेवाहरु विकेन्द्रित हुँदै गएपनि अधिकांश कर्जा लगानी भने केन्द्रीय/कर्पोरेट कार्यालयबाट मात्र हुने गरेको र शाखा कार्यालयहरुबाट निक्षेप संकलनको कार्यमा मात्र जोड दिने परम्परा रहेकोले स्थानीय वित्तीय श्रोतको उपयोग स्थानीय स्तरमै हुन सकिरहेको छैन ।
- एकातिर औद्योगिक क्षेत्रको विस्तार हुन नसक्दा बैंकहरुको कर्जा लगानीका क्षेत्र पनि विस्तार हुन सकेको छैन भने अर्कोतर्फ संभाव्य क्षेत्रहरुको पहिचान गर्न नसक्नु, विगतमा घर-जग्गामा बढी लगानी केन्द्रीत हुनुका साथै बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति शहरी क्षेत्रमा बढी हुनुले वित्तीय श्रोतको परिचालन कुशल रुपमा हुन सकेको छैन ।
- शहरोन्मुख तथा ग्रामीण भेगका लघुवित्त क्षेत्रमा काम गर्ने बचत तथा ऋण सहकारी संस्था तथा गैरसरकारी संस्थाहरुको संख्या तथा कारोबारमा बिस्तार भईरहेतापनि यस्ता संस्थाहरुको नियमन, निरीक्षण र सुपरिवेक्षण गर्ने प्रभावकारी संयन्त्रको अभाव रहेको छ ।

## ४.४ पूर्वाधार क्षेत्र

- ग्रमीण क्षेत्रमा सडक विस्तारका नाममा भू-क्षय तथा पर्यावरणीय सन्तुलनको पर्याप्त अध्ययनबिना कच्ची सडक विस्तार तीव्र गतिमा भईरहेकोले यसले नकारात्मक वातावरणीय प्रभाव समेत पर्ने गरेको छ । अधिकांश कच्ची सडक वर्षायाममा उपयोग गर्न नमिल्ने तथा वर्षेनी मर्मत कार्यमा ठूलो रकम खर्च गर्नु परिरहेकाले कालोपत्रे तथा आवश्यक पुल निमार्ण गर्ने कार्यमा ध्यान पुऱ्याउन सकिएको छैन ।
- सडक, ढल, खानेपानी जस्ता पूर्वाधार निर्माण, मर्मत-संभार तथा हेरचाह गर्न सम्बन्धित नेपाल सरकारका निकायहरुबीच समन्वयको अभाव रहेको छ । यस्तो समन्वयको अभावमा एकातिर छिटोछरितो र स्तरीय काम हुन कठीन भईरहेको छ भने अर्कोतिर श्रोत-साधनको अधिकतम उपयोग हुन सकिरहेको छैन ।
- जलविद्युत उत्पादनको क्षेत्रमा प्रचुर सम्भावना भएतापनि यथेष्ट लगानीको अभाव एवम् अन्य विविध समस्याका कारण सम्भावनाको उपयोग गर्न सकिएको छैन भने निर्माणाधीन योजनाहरु पनि राजनैतिक तथा अन्य संरचनागत अवरोधका कारण समयमै पूरा हुन सकिरहेका छैनन् ।

## ४.५ सरकारी राजस्व तथा खर्च र वैदेशिक व्यापार

- कर छली तथा न्यून विजकीकरणको समस्यालाई निराकरण गर्दै राजस्व संकलन यथार्थपरक बनाउने कार्य चुनैतिपूर्ण देखिन्छ ।
- भन्सार कार्यालयहरुमा राजस्व चुहावट नियन्त्रण गर्न मुख्य भन्सार नाकाहरु र आन्तरिक राजस्व कार्यालयहरुलाई एउटा निश्चित सूचना प्रणालीमा आवद्ध गरी राजस्व संकलन कार्यमा आधुनिक प्रविधिको प्रयोग गर्न आवश्यक देखिन्छ ।
- कच्चा पदार्थको अभाव, उर्जा समस्या लगायतका संरचनागत अवरोधका कारण उद्योगहरुको उत्पादन लागत उच्च हुन गई प्रतिस्पर्धात्मक क्षमता कमजोर हुन गएको तथा गुणस्तरीय वस्तुहरुको उत्पादनमा ह्रास आएकाले निर्यात व्यापारमा देशगत तथा वस्तुगत विविधिकरण गर्ने कार्य चुनौतीपूर्ण छ ।
- बजेट विनियोजनमा हुने ढिलाई, स्थानीय निकायमा जनप्रतिनिधि नभएको अवस्था तथा संक्रमणकालीन राजनैतिक अवस्थाका कारण समयमै कार्यक्रमहरु स्वीकृत तथा कार्यान्वयन हुन नसक्दा विकास निर्माण कार्य संचालन तथा गुणस्तरमा नकारात्मक प्रभाव परिरहेको छ ।

***